# नागरिक स्टक डिलर कम्पनी लिमिटेड
## वानेश्वर काठमाण्डौं

## धितोपत्र विश्लेषक करारमा पदपूर्ति सम्वन्धी कार्यविधि, २०७७

२०७७

## नागरिक स्टक डिलर कम्पनी लिमिटेड

## धितोपत्र विश्लेषक करारमा पदपूर्ति सम्वन्धी कार्यविधि, २०७७

नागरिक स्टक डिलर कम्पनी लिमिटेडकोलागि आवश्यक जनशक्ति प्रतिस्पर्धाको आधारमा छनौट गरी करारमा पदपूर्ति गर्ने प्रयोजनको लागि संचालक समितिले देहाएको कार्यविधि तर्जुमा गरी लागू गरेकोछ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "नागरिक स्टक डिलर कम्पनी लिमिटेड धितोपत्र विश्लेषक करारमा पदपूर्ति सम्वन्धी कार्यविधि, २०७७" रहेको छ ।

(२) यो कार्यविधि कम्पनीको संचालक समितिबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विनियमावलीमा,

क) "नियमावली" भन्नाले नागरिक स्टक डिलर कम्पनी लिमिटेडको नियमावली २०७६ सम्झनु पर्दछ।

(ख) "प्रमुख कार्यकारी अधिकृत" भन्नाले कम्पनीको नियमावलीको नियम ४० बमोजिम नियुक्त प्रमुख कार्यकारी अधिकृत सम्झनु पर्दछ ।

(घ) "समिति" भन्नाले कम्पनीको नियमावलीको नियम २८ बमोजिम गठन भएको कम्पनीको सञ्चालक समिति सम्झनु पर्दछ ।

(ङ) "कम्पनी" भन्नाले नागरिक स्टक डिलर कम्पनी लिमिटेडलाई सम्झनु पर्दछ ।

(च) "धितोपत्र विश्लेषक" भन्नाले आधारभूत तथा प्राविधिक विश्लेषकलाई सम्झनु पर्दछ ।

३. **छनौट उपसमितिको गठनः** (१) समितिले आवश्यक जनशक्ति करारमा नियुक्ति गर्नका लागि एक जना सञ्चालक सदस्यको संयोजकत्वमा देहाय बमोजिमको छनौट उपसमिति गठन गर्नेछ ।

| | | |
|---|---|---|
| (क) | समितिले तोकेको संचालक सदस्य | संयोजक |
| (ख) | प्रमुख कार्यकारी अधिकृत | सदस्य |
| (ग) | समितिले तोकेको पदपूर्तिसँग सम्बन्धित विज्ञ | सदस्य |
| (घ) | कम्पनीको प्रशासन प्रमुख | सचिव |

(२) उपसमितिले आवेदक मध्येबाट खुला प्रतिस्पर्धाको आधारमा छनौट गरी ब्यवस्थापनलाई नियुक्तिका लागि योग्यताक्रम अनुसारको उम्मेद्वारहरूको नाम सिफारिस गर्नेछ।

(३) उपदफा (२) बमोजिम सिफारिसमा परेका मुख्य उम्मेद्वारलाई प्रमुख कार्यकारी अधिकृतले सम्बन्धित पदमा नियुक्ति गर्नेछ ।

४. **उम्मेद्वारको न्युनतम योग्यता तथा कार्य अनुभवः** आधारभूत विश्लेषक (Fundamental Analyst) र प्राविधिक विश्लेषक (Technical Analyst) पदका लागि देहायको शैक्षिक योग्यता, तालिम तथा अनुभव र उमेर भएका इच्छुक नेपाली नागरिकले आवेदन दिन सक्नेछन्।

**(क) न्यूनतम शैक्षिक योग्यताः** चार्टर्ड एकाउण्टेन्सी वा व्यवस्थापन, वाणिज्यशास्त्र, तथ्याकंशास्त्रमा स्नातकोत्तर उपाधी हासिल गरेको ।

(ख) **अनुभवः** पूँजीबजार क्षेत्रमा प्राविधिक विश्लेषक वा आधारभूत विश्लेषक भई कम्तिमा ३ वर्ष कार्य गरेको ।

(ग) **विशेष योग्यताः** स्वदेशी तथा विदेशी संघ संस्थाले संचालन गरेको धितोपत्र विश्लेषणसँग सम्बन्धित व्यवसायिक योग्यता (Professional Certification) परीक्षा उर्तीण गरी Advance Computer Skills भएकालाई विशेष ग्राह्यता दिइनेछ ।

(घ) **उमेरः** निवेदन दिने अन्तिम मितिमा ३० वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।

५. **आवेदन आह्वान गर्नुपर्नेः** (१) कम्पनीलाई आवश्यक धितोपत्र विश्लेषकहरुको पदपूर्तिका लागि छनौट उपसमितिले १५ दिनको म्याद दिई कुनै राष्ट्रिय स्तरको दैनिक पत्रिकामा संक्षिप्त सूचना र कम्पनीको संस्थापक संस्थाहरुको website मा अनुसूची-१ बमोजिमको विस्तृत सूचना प्रकाशित गर्नुपर्ने छ ।

(२) उपदफा (१) मा उल्लेख गरिएको अवधि भित्र तीनवटा भन्दा कम निवेदन परेमा उक्त निवेदनलाई कायमै राखि म्याद सकिएको तीन कार्यदिन भित्र पुनः सात दिनको थप म्याद दिई सूचना प्रकाशन गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम थप भएको म्याद भित्र समेत तीनवटा भन्दा कम निवेदन प्राप्त भएमा जति निवेदन प्राप्त भएको छ सोही बमोजिम छनौटको प्रकृया अगाडि वढाउन बाधा पर्ने छैन।

६. **निवेदनसाथ पेश गर्नुपर्ने कागजात तथा विवरणहरुः** (१) दफा (४) बमोजिमको योग्यता पुरा गरेका ईच्छुक नेपाली नागरिकले कम्पनीमा निवेदन दिँदा निवेदनसाथ देहाय बमोजिमका विवरण तथा कागजात पेश गर्नु पर्नेछ। त्यस्ता विवरण तथा कागजातको प्रत्येक पानामा आफैले दस्तखत गरी कागजातहरुमा सक्कल बमोजिम नक्कल ठिक छ भनी प्रमाणित गरी प्रतिलिपि पेश गर्नु पर्नेछः

(क) शैक्षिक योग्यता, अनुभव, सम्पर्क ठेगाना (इमेल, टेलिफोन, मोबाईल नम्बर, घर र कार्यालयको ठेगाना) सहितको विस्तृत वैयक्तिक विवरण (Bio- Data),

(ख) नेपाली नागरिकताको प्रमाणपत्र र शैक्षिक योग्यताको प्रमाणपत्र तथा व्यवसायीक अनुभवको कागजात, तालिम तथा ब्यावसायिक योग्यता परीक्षाको प्रमाणपत्रको प्रतिलिपिहरु,

(२) उपदफा (१) बमोजिम निवेदन दिँदा देहायको कुराहरु उल्लेख गरी हस्ताक्षर गरी स्वघोषणाको कागज समेत पेश गर्नु पर्नेछः

(क) कुनै राजनीतिक दलको सदस्य नरहेको,

(ख) कम्पनीसँग आफ्नो वा आफ्नो परिवारको सदस्यको निजी स्वार्थ नभएको,

(ग) आफ्नो नाममा व्यक्तिगत बेरुजु तथा सरकारी बाँकी नरहेको र कर चुक्ता गरेको,

(घ) भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, बैंकिङ्ग कसूर वा नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहर नभएको,

(ङ) दामासाहीमा नपरेको, कीर्ते वा जालसाजीको आरोपमा सजाय नपाएको,

(च) बैंक तथा वित्तीय संस्थाको ऋण नतिरी वा प्रचलित कानुन बमोजिम कालो सूचीमा नपरेको,

(छ) कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमति प्राप्त नगरेको,

(ज) मानसिक सन्तुलन ठिक भएको,

(झ) प्रचलित नेपाल कानूनद्वारा अयोग्य नरहेको ।

७. **विषयगत प्रस्तुति :** यस कार्यविधिको दफा ९ को उपदफा २ बमोजिम छनौट भएका आवेदकहरूले अन्तर्वार्ता भन्दा पहिले देहाएका विषयहरू समेटेर बढीमा १ घण्टा प्रस्तुतिकरण दिनु पर्नेछ ।

| | |
|---|---|
| आधारभूत विश्लेषक | Economic analysis, Industry analysis, Company analysis , Interpretation of Financial statements of listed companies, Multiple ratios analysis, time value of money and valuation of equity, Economic value add, Moving average, beta analysis, Buy side and sale side analysis, sensitivity analysis, management scenario analysis, Trading psychology and risk management. |
| प्राविधिक विश्लेषक | Charts study and analysis, trend line , candlestick study,<br>Double patterns, Triple pattern, support and resistance (chart pattern and their study ), gap analysis, Oscillators and indicators moving average, Moving average convergence and Divergence( MACD), Relative Strength Index(RSI), On balance value, Stochastic, William % R , Bollinger bands, money flow index, Trade Strategies (The Dow Theory, Elliot Wave theory, Fibonacci sequences), Trading psychology and risk management, modern analytical modules. |

८. **उम्मेवारको मुल्यांकन गर्दा दिईने अंकभार:** (१) उपसमितिले उम्मेद्वारको छनौट गर्दा कुल अंकभार एक सय कायम गरी देहाय बमोजिमको आधारमा उम्मेद्वारलाई अंकभार दिई सो आधारमा मुल्यांकन गर्नु पर्नेछः

(क) शैक्षिक योग्यता वापत — २० अङ्क

(ख) अनुभव वापत — १० अङ्क

(ग) तालिम — १० अङ्क

(घ) विषयगत प्रस्तुति — २० अङ्क

(ङ) अन्तर्वार्ता वापत — ४० अङ्क

(क) शैक्षिक योग्यताको अंक वर्गीकरण **–बीस अङ्क**

(अ) प्रथम श्रेणी –दश अंक

(आ) द्वितीय श्रेणी – आठ अङ्क

(इ) ब्यावसायिक योग्यता परीक्षा उर्तीण भएमा थप – दश अंक

(ख) कार्य अनुभवको अंक वर्गीकरण **– दश अङ्क**

(अ) न्युनतमकार्यानुभवको अंक वर्गीकरण –छ अङ्क

(आ) न्युनतमकार्यानुभवपछिकोप्रत्येकवर्षको ०.५(सून्य दशमलव पाँच)अंकका दरले बढीमा ८ बर्षको – चार अङ्क

(ग) विषयगत प्रस्तुतिकरणको अंक वर्गीकरण **– बीस अङ्क**

(अ) तर्कपूर्णप्रस्तुति – पाँच अङ्क

(आ) विश्लेषण उपकरणहरूको बुझाई – पाँच अङ्क

(इ) विश्लेषण उपकरणहरूको प्रयोगात्मक क्षमता –पाँच अङ्क

(ई) विषयगत स्पष्टता –पाँच अङ्क

(घ) अन्तरवार्ताको अंक वर्गीकरण **–चालिस अङ्क**

(अ) व्यक्तित्व र आत्मविश्वास –पाँच अङ्क

(आ) विश्लेषण गर्ने क्षमता –दश अङ्क

(इ) विषयवस्तुको ज्ञान –दश अङ्क

(ई) विषय र उद्देश्यको स्पष्टता –पाँच अङ्क

(उ) उठाईएका सवालहरु संबोधन गर्न सक्ने क्षमता –दश अङ्क

(२) छनौट उपसमितिले उम्मेद्वारको मुल्याङ्कन सम्बन्धी मापदण्ड आफैले निर्धारण गर्न सक्नेछ।

९. **छनौट प्रकृया**ः (१) तोकिएको म्याद भित्र कम्पनीमा प्राप्त निवेदनहरु तथा कागजातहरु उपसमितिमा पठाउनु पर्नेछ ।

(२) उपसमितिले उम्मेदवारको शैक्षिक योग्यता, अनुभव, र तालिम वापतको प्राप्ताङ्कको आधारमा उपलब्ध भए सम्म उत्कृष्ट पाँच जना उम्मेद्वारको वर्णानुक्रमका आधारमा सूची तयार गरी सो सूचिमा परेका उम्मेद्वारहरुलाई विषयगत प्रस्तुती र अन्तर्वार्ताको लागि मिति, समय र स्थान तोकी सोको सूचना दिनु पर्नेछ। उक्त मिति र समयमा आवेदकहरुले विषयगत प्रस्तुती गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको सूचीमा परेका उम्मेद्वारले प्रस्तुतीकरण तथा अन्तवार्तामा सहभागी हुँन आउँदा आफ्नो शैक्षिक योग्यता, अनुभव, नेपाली नागरिकताको प्रमाणपत्र एवं निवेदन साथ पेश गरेका कागजातहरुको सक्कल प्रति साथै लिई आउनु पर्नेछ ।

(४) उपसमितिले उपदफा (२) बमोजिमको प्राप्ताङ्कमा विषयगत प्रस्तुतीकरण र अन्तर्वार्ताको प्राप्ताङ्क जोडी सोको आधारमा मुख्य उम्मेद्वार र बैकल्पिक उम्मेद्वारको नाम नियुक्तिको लागि शिफारिस गर्नेछ।

१०. **धितोपत्र विश्लेषकको नियुक्तिः** (१) कम्पनीको धितोपत्र विश्लेषकको रुपमा कार्य सम्पादन गर्न दफा (९) को उपदफा (४) बमोजिम सिफारिस भएका मुख्य उम्मेद्वारलाई प्रमुख कार्यकारी अधिकृतले नियुक्त गर्नेछ।

(२) नियुक्तिको लागि सिफारिस भएको मुख्य उम्मेद्वार पन्ध्र दिन भित्र नियुक्ति लिन नआएमा प्रमुख कार्यकारी अधिकृतले बैकल्पिक सूचीमा रहेको उम्मेद्वारलाई सो पदमा नियुक्त गर्न सक्नेछ।

११. **पारिश्रमिक तथा सुविधाः** धितोपत्र विश्लेषकको मासिक पारिश्रमिक तथा सुविधा अनुसूची-३ मा उल्लेख भए बमोजिम हुनेछ ।

१२. **कार्यसम्पादन सम्झौता गर्नु पर्नेः** (१) प्रमुख कार्यकारी अधिकृतले धितोपत्र विश्लेषक पदमा नियुक्तहुने व्यक्तिसँग कार्यसम्पादन सम्झौता गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्य सम्पादन सम्झौता गर्दा कम्पनीको उद्देश्यलाई मुल आधार बनाई सो प्राप्तिको लागि आवश्यक कार्यसम्पादन सूचक तथा शर्तहरु तोक्न सक्नेछ ।

—***—

## अनुसूची १

## (दफा ५ संग सम्वन्धित)

## नागरिक स्टक डिलर कम्पनी लिमिटेड

## पदपूर्ति सम्वन्धी सूचना

## (प्रथम पटक प्रकाशित मितिः २०७७।१०।१४)

नागरिक स्टक डिलर कम्पनी लिमिटेडलाई आवश्यक देहायका धितोपत्र विश्लेषकहरू करारमा पूर्ति गरिने भएकोले देहायका शैक्षिक योग्यता,उमेर, तालिम र अनुभव हासिल गरेका इच्छुक नेपाली नागरिकबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा यस कम्पनीको कार्यालय (कृष्णटावर दोस्रा तल्ला) बानेश्वर, काठमाण्डौमा दरखास्त दिनु हुन सम्बन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | पद | आवश्यक संख्या |
|---|---|---|
| १. | आधारभूत विश्लेषक (Fundamental Analyst) | १ |
| २. | प्राविधिक विश्लेषक (Technical Analyst) | १ |

२. **निवेदनसाथ पेश गर्नुपर्ने कागजात तथा विवरणहरुः** निवेदनसाथ देहाय बमोजिमकाविवरण तथा कागजातको प्रत्येक पानामा आफैले सक्कल बमोजिम नक्कल ठिक छ भनी प्रमाणित गरी प्रतिलिपि पेश गर्नु पर्नेछः

(क) शैक्षिक योग्यता, तालिम, ब्यावसायिक योग्यता (Professional Certification), अनुभव, सम्पर्क ठेगाना (इमेल, टेलिफोन, मोबाईल नम्बर, घर र कार्यालयको ठेगाना) सहितको विस्तृत वैयक्तिक विवरण (Bio- Data),

(ख) नेपाली नागरिकताको प्रमाणपत्र र शैक्षिक योग्यताको प्रमाणपत्र, तालिम तथा ब्यावसायिक योग्यता (Professional Certification) उतीर्ण गरेको प्रमाणपत्र र व्यवसायीक अनुभवको कागजातको प्रतिलिपिहरु,

(ग) आवेदन शुल्क वापत रू. ३०००।- (तीन हजार रुपैंया मात्र) यस कम्पनीको प्रभु बैंक लिमिटेडमा रहेको खाता नं ०७८०१५०१६४३०००१८ मा जम्मा गरेको सक्कल भौचर ।

३. **स्वघोषणा गर्नु पर्ने विषयहरूः** दरखास्त दिँदा निवेदकले देहायको विषयहरू उल्लेख गरी हस्ताक्षर सहित स्वघोषणाको कागज समेत पेश गर्नु पर्नेछ :

(क) कुनै राजनीतिक दलको सदस्य नरहेको

(ख) कम्पनीसँग आफ्नो वा आफ्नो परिवारको सदस्यको निजी स्वार्थ नभएको,

(ग) आफ्नो नाममा व्यक्तिगत बेरुजु तथा सरकारी बाँकी नरहेको र कर चुक्ता गरेको,

(घ) भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, बैंकिङ्ग कसूर वा नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहर नभएको,

(ङ) दामासाहीमा नपरेको, कीर्ते वा जालसाजीको आरोपमा सजाय नपाएको,

(च) बैंक तथा वित्तीय संस्थाको ऋण नतिरी वा प्रचलित कानुन बमोजिम कालो सूचीमा नपरेको,

(छ) कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमति प्राप्त नगरेको

(ज) मानसिक सन्तुलन ठीक भएको

(ज) प्रचलित नेपाल कानूनद्वारा अयोग्य नरहेको ।

४. **छनौट प्रकृयाः** "नागरिक स्टक डिलर कम्पनी लिमिटेड धितोपत्र विश्लेषक करारमा पदपूर्ति सम्वन्धी कार्यविधि, २०७७" को दफा ८ मा उल्लिखित अंक भारलाई छनौटको आधार मानिनेछ। यसका लागि सोही कार्यविधिको दफा ९ अनुसारको प्रकृया अपनाईनेछ।

५. **धितोपत्र विश्लेषकको लागि तोकिएको कार्यक्षेत्रगत शर्तहरुः** मुख्य-मुख्य कार्यक्षेत्रगत शर्तहरु "नागरिक स्टक डिलर कम्पनी लिमिटेड धितोपत्र विश्लेषक करारमा पदपूर्ति सम्वन्धी कार्यविधि, २०७७" को अनुसूची-२ मा उल्लेख भए बमोजिम हुनेछ।

६. **धितोपत्र विश्लेषकको पारिश्रमिक तथा अन्य सुविधाः** धितोपत्र विश्लेषकले पाउने मासिक पारिश्रमिक तथा सुविधा "नागरिक स्टक डिलर कम्पनी लिमिटेड धितोपत्र विश्लेषक करारमा पदपूर्ति सम्वन्धी कार्यविधि, २०७७" को अनुसूची ३ मा तोकिएको छ । अन्य सुविधाहरु सञ्चालक समितिले तोके बमोजिम हुनेछ।

७. कार्यविधि कम्पनीको संस्थापक संस्थाहरुको वेवसाइड www.nlk.org.np, nepalre.com.np तथा ntc.net.np मा राखिएको छ ।

**अनुसूची २**

**(दफा ७ संग सम्वन्धित)**

**नागरिक स्टक डिलर कम्पनी लिमिटेडको**

प्राविधिक विश्लेषक (Technical Analyst) को कार्यक्षेत्रगत शर्तहरु (TOR)

प्राविधिक विश्लेषक (Technical Analyst) ले धितोपत्र बजारमा सूचीकृत कम्पनीहरुको प्रकाशित आवधिक वित्तीय विवरण, सोसंग सम्वन्धित सुचना तथा जानकारी एवं धितोपत्र बजारका सूचकांकहरूलाई प्राविधिक रूपमा विभिन्न चार्ट, मोडुल तथा विश्लेषण उपकरणहरूको माध्यमबाट बजारको प्रवृति (Market trend) अध्ययन अनुसन्धान गरी संभावित जोखिम न्यूनिकरण गर्न सहयोग पुर्याउनका लागि देहाय बमोजिमको कार्य सम्पादन गर्नु पर्ने छ ।

क) धितोपत्र बजारको भावी कृयाकलापहरुको प्रक्षेपणका लागि धितोपत्रको मूल्य, कारोवार परिमाण, कारोवार मूल्यमा भएको उतारचढाव तथा व्याज दर जस्ता बजार प्रकृतिको अध्ययन गरी उपलव्ध विश्लेषणका तथ्यांकिय उपकरणहरुको सहयोगबाट धितोपत्रको विक्रि गर्ने उपयुक्त समय तथा मूल्य पहिचान गर्ने,

(ख) सूचीकृत धितोपत्रहरुको लाभजन्य इन्ट्राडे (Intraday) र अल्पकालिन कारोवार (short term trade) को सिफारिश गर्ने;

(ग) मध्यकालिन कारोवारको दृष्टीकोणले उच्च तथा तल्लो विन्दुबाट हुने विपरित प्राविधिक प्रवृती (Technical Reversal Trend) पहिचान गर्ने;

(घ) विविध सूचक एवं चार्ट प्रकृतिहरुको गहन जानकारी राखी (In-depth understanding of key indicator and chart patterns) सोको प्रयोगबाट दिर्घकालिन प्राविधिक प्रवृती (Long term technical trend) को पहिचान गर्ने;

(ङ) बजारमा देखिएको उतारचढावको आधारमा दैनिक तथा साप्ताहिकरुपमा प्राविधिक प्रतिवेदन तयार गरी महाशाखा प्रमुखलाई उपलव्ध गराउने;

(च) प्राप्त वा प्रकाशित खवरको कारण वनाउनु पर्ने आवश्यक शीघ्र कार्यान्वयन प्रतिवेदनहरु (Quick digest report) तयार वा सोको लागि आवश्यक व्यवस्था गर्ने;

(छ) नियमितरुपमा लगानी गरिएका पोर्टफोलियोको अनुगमनका लागि आवश्यक प्रकृया निर्धारण गरी सिफारिश सहित पेश गर्ने;

(ज) धितोपत्र विश्लेषणमा नवीनतम औजारहरुको प्रयोगबाट बजार विश्लेषण गरी खरीद विक्रीको सिफारिश गर्ने तथा सम्भावित लगानीका अवसरहरूको मूल्यांकनमा गर्नका लागि अपरेटिंग मोडेलहरू निर्माण गरी ब्यवस्थापनलाई पेश गर्ने ।

(झ) धितोपत्र बजारको प्रवृती (Market Trend) विश्लेषण गरी पोर्टफोलियो व्यवस्थापनका लागि आवश्यक राय तथा सिफारिश पेश गर्ने ।

(ट) धितोपत्रहरूको मूल्य संवेदनशीलता (Price sensitivity) पाक्षिक रूपमा मापन गरी प्रमुख कार्यकारी अधिकृत मार्फत संचालक समितिमा पेश गर्ने ।

(ठ) संचालक समिति तथा प्रमुख कार्यकारी अधिकृतले समय समयमा तोकि दिएका अन्य कार्यगत क्षेत्रहरू।

आधारभूत विश्लेषक (Fundamental Analyst) को कार्यक्षेत्रगत शर्तहरु (TOR)

आधारभूत विश्लेषक(Fundamental Analyst) ले धितोपत्र बजारमा सूचीकृत कम्पनीहरुको प्रकाशित आवधिक वित्तीय विवरण तथा सोसंग सम्वन्धित सुचना तथा जानकारीहरुको बहुपक्षिय विश्लेषण( Multi-dimensional Analysis) तथा बजारको प्रवृति ( Market trend) अध्ययन अनुसन्धान गरी संभावित जोखिम न्यूनिकरण गर्न सहयोग पुर्याउनका लागि देहाय बमोजिमको कार्य सम्पादन गर्नु पर्ने छ ।

क) धितोपत्र बजारको भावी कृयाकलापहरुको प्रक्षेपणका लागि धितोपत्र बजारमा सूचीकृत कम्पनीहरुको त्रैमासिक, अर्ध वार्षिक तथा वार्षिक वित्तीय विवरणहरुको विश्लेषण गरी सोको आधारमा धितोपत्रको मूल्य, कारोवार परिमाण, कारोवार मूल्यमा भएको उतारचढाव तथा व्याज दर जस्ता बजार प्रकृतिको अध्ययन गरी धितोपत्रको खरीद तथा विक्री गर्ने उपयुक्त समय तथा मूल्य पहिचानगरी व्यवस्थापनलाई जानकारी गराउने;

(ख) सूचीकृत धितोपत्रहरुको लाभजन्य इन्ट्राडे (Intraday) र अल्पकालिन कारोवार (short term trade) को सम्वन्धमा प्राविधिक विश्लेषक (Technical Analyst) संग समन्वय गरी धितोपत्र खरीद तथा विक्रीका लागि सिफारिश गर्ने;

(ग) खरीद विक्री गर्नुपर्ने धितोपत्रहरुको विश्लेषण गर्ने, जोखिम मापन तथा मूल्यांकन गरी संभावित जोखिम न्यूनिकरणका उपाय पहिचान गर्ने;

(घ) खरीद विक्रीका लागि पहिचान गरिएका धितोपत्रहरुको कार्यान्वयनका लागि सिफारिश गर्ने;

(ङ) बजारमा देखिएको उतारचढावको आधारमा दैनिक तथा साप्ताहिकरुपमा धितोपत्र इकाई अनुसारको प्रतिवेदन तयार गरी महाशाखा प्रमुखलाई उपलव्ध गराउने;

(च) बजार संवेदनशिलता (Market Sensitivity) संग सम्बन्धित सूचना वा प्रकाशित खवरले पार्न सक्ने संभावित प्रभावको आंकलन गरी प्राविधिक विश्लेषक (Technical Analyst) को समन्वयमा आवश्यक शिघ्र कार्यान्वयन प्रतिवेदनहरु (Quick digest report) तयार गर्ने;

(छ) लगानी गरिएका पोर्टफोलियोको अनुगमनका लागि आवश्यक प्रकृया निर्धारण गरी सिफारिश सहित पेश गर्ने;

(ज) धितोपत्र बजारको प्रवृती (Market Trend) विश्लेषण गरी पोर्टफोलियो व्यवस्थापनका लागि आवश्यक राय तथा सिफारिश पेश गर्ने;

(झ) खरीद गरिएका धितोपत्रहरुको औसत मुल्य, संभावित नाफा/नोक्सान, अवसरको लागत (Opportunity cost) आदि समेटेको प्रतिवेदन तयार गरी महाशाखा प्रमुखलाई उपलव्ध गराउने;

(ञ) पूँजी बजारको संभाव्य विश्लेषण , सवइन्डेक्स अनुसारको विश्लेषण, बजार प्रबृति र प्रतिस्पर्धी संस्थाको व्यवसाय एवं बजार रणनीति अध्ययन गरी सोको प्रतिवेदन महाशाखा प्रमुखलाई उपलव्ध गराउने;

(ट) धितोपत्रहरूको मूल्य संवेदनशीलता (Price sensitivity) पाक्षिक रूपमा मापन गरी प्रमुख कार्यकारी अधिकृत मार्फत संचालक समितिमा पेश गर्ने;

(ठ) संचालक समिति तथा प्रमुख कार्यकारी अधिकृतले समय समयमा तोकि दिएका अन्य कार्यगत क्षेत्रहरू ।

## अनुसूची –३

### (दफा ११ संग सम्वन्धित)

### धितोपत्र विश्लेषकको पारिश्रमिक तथा सुविधा

१. **पारिश्रमिकः** आधरभुत पारिश्रमिक दुवै पक्षको आपसि सहमतिमा संचालक समितिले तय गर्नेछ ।

२. **चार्डपर्व खर्चः** धितोपत्र विश्लेषकले आफ्नो धर्म, सस्कृति र परम्परा अनुसार मनाईने चाडपर्वको लागि एक आर्थिक वर्षमा एक पटक कम्पनीको आठौं तहको अधिकृतले पाउने शुरु तलव स्केल वरावर एक महिनाको पारिश्रमिक रकम पाउनेछ ।

३. **भ्रमण भत्ता तथा सुविधाः** धितोपत्र विश्लेषकले स्वदेश तथा विदेश भ्रमणमा जादाँ सो वापतको भ्रमण भत्ता तथा सुविधा कम्पनीको आठौं तहको अधिकृतले पाए सरहको पाउनेछ ।

४. **प्रोत्साहन भत्ताः** कार्य सम्पादन मूल्याङ्कनको आधारमा संचालक समितिले तोके बमोजिम हुनेछ ।

५. **कर सम्बन्धी दायित्वः** धितोपत्र विश्लेषकले कम्पनीबाट पाउने पारीश्रमिक तथा अन्य सुविधा वापतको कर सम्बन्धी दायित्व निज स्वयंले बेहोर्नु पर्नेछ ।